आज मिति २०७५/०३/०७ गते विहान ७:०० बजे बजेट तर्जुमा समितिको संयोजक एवं दुर्गा भगवती गाउँ कार्यपालिकाका उपाध्यक्ष श्री मञ्जु देवी झाज्युको संयोजकत्वमा बसेको बैठकले तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपसिल अनुसार निर्णय गरियो ।

**तपसिल**

संयोजक : श्री मञ्जु देवी झा

सदस्य : श्री प्रधुमन चौधरी

सदस्यः श्री रामबाबु राय

सदस्य :- श्री धर्मनाथ चौधरी

सदस्य :-श्री सुरेश चौधरी

सदस्य :-श्रीगुदरी साह

सदस्य सचिव :- श्री प्रमोद कुमार ठाकुर

**विशेष आमन्त्रित**

१. श्री अरुण कुमार साह(अध्यक्ष)

२.श्री सरोज कुमार दास (स.लेखापाल)

**निर्णय** : आ.ब. २०७५।०७६ को नीति, कार्यक्रम तथा राजश्व व्यय बजेट तर्जुमा सम्बन्धमा स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सिमा निर्धारण समिति एवं विभिन्न विषयगत समिति तथा विषय गत कार्यालय एवं बुद्धिजीवि राजनीतिज्ञ सरकारी तथा गैरि सरकारी निकाय, विभिन्न वस्ती, टोल, वडावाट सिफारिस भई आएका विषयवस्तु तथा कार्यक्रमलाई समेटदै आ.ब. ०७५।०७६ का लागि तपसिल अनुसारको नीति तथा कार्यक्रम तथा व्यय बजेट गाउँ कार्यपालिकमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल

# आ.व.२०७५/०७६ को निति तथा कार्यक्रम

**गाउँसभाका सम्मानिय अध्यक्ष महोदय,**

१.दुर्गा भगवती गाउँकार्यपालिका बजेट तर्जुमा समितीका संयोजकका हैसियतले यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७५/७६ को निति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिर्वतनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान नेपाली तथा मधेशी नागरिक र त्यसको सवल एवम् सक्षम नेतृत्व गर्नुहुने नेपाली तथा मधेशी राजनीतिक शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२.यस दुर्गा भगवती गाउँपालिकालाई समृद्ध र सुखी बनाउने दिर्घकालीन उद्धेश्य अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा गाउँपालिका अगाडि बढि रहेको छ । प्रतिव्यक्ति आयको वृद्धिले मात्र न्यायोचित विकास सम्भव हुदैन, न त सीमित आयको वितरणबाट नै समृद्धिमा पुग्न सकिन्छ । त्यसैले उच्च आर्थिक वृद्धि सँगै त्यसको न्यायपूर्ण वितरणबाट मात्र सर्वाङ्गिण विकास हासिल गर्न सकिने यस सरकारको मान्यता रहेकोछ । सबै नागरिकका लागि मर्यादित काम, न्यूनतम खाध सुरक्षा, आधारभुत स्वास्थ्य–शिक्षाको सुविधा, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको परिपुर्ति नै हाम्रो सामुदायिक विकास तर्फको यात्रा प्रस्थान विन्दु हुनेछ ।

३.आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन २०७४ तथा विनियोजन विधेयक २०७५ को सिद्धान्त र प्राथमिकता नेपाल सरकार तथा प्रदेश सरकारको निति तथा कार्यक्रम चालु आवधिक योजना, दिगो विकास लक्ष्य तथा गाउँसभा सदस्यहरुले दिनुभएको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिइएको छु । विभिन्न राजनितिक दल, संघ संस्था,विद्धवत वर्ग, लक्षित वर्गबाट प्राप्तरचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छु ।

**शिक्षा**

- सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच सुनिश्चित गर्न विधालयमा भर्ना अभियानलाई अघि बढाइ आगामी वर्ष नै विधालाय जाने उमेरका सवै बालबालिकालाई विधालय भर्ना गरिनेछ । माध्यमिक तह सम्मको शिक्षालाई क्रमश नि.शुल्क र अनिवार्य गरिनेछ । प्रदेश र केन्द्र सरकारको सहकार्यमा आगामी दुई वर्ष भित्र साक्षर गाउँपालिका घोषणा गरिनेछ ।
- सम्पुर्ण बालबालिकालाई विधालय ल्याऔं,टिकाऔं र सिकाऔं अभियान संचालन गरिनेछ । मानव विकास सुचाङकमा पछि परेका स्थानिय तहमा रहेका सामुदायिक विधालयका कक्षा ५ सम्मका सवै विधार्थीलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा नेपाल सरकारबाट उपलब्ध हुने बजेट लाई गुणस्तरिय रुपमा कार्यान्वयन गर्न तथा यसलाई प्रवर्द्धन गर्न गाउँपालिका द्धारा विषेश निगरानी गरिनेछ ।
- विधालयलाई आपाङ्गता तथा बालमैत्री बनाइनेछ । आपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा पहुँच अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । सामुदायिक विधालयहरुमा विधार्थीहरुको शारिरीक तथा मानसिक विकासका लागि विभिन्न खेलकुद सामग्रीहरु वितरण गरिनेछ ।

- प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न सामुदायिक विधालयमा प्राविधिक कक्षा संचालन गर्न प्रदेश तथा केन्द्र सरकार समक्ष पहल गरिनेछ । र कम्प्युटर शिक्षा अनिवार्य गरी सामुदायिक विधालयमा कम्प्युटर हस्तानान्तर गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- आर्थिक रुपमा विपन्न सिमान्तकृत तथा लक्षित वर्गका विधार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षाका अध्ययनको लागि सस्तो दरमा व्याज अनुदानमा शैक्षिक ऋण उपलब्ध हुने व्यवस्थाका लागि केन्द्र र प्रदेश सरकार समक्ष पहल गरिनेछ ।
- विधालयको शैक्षिक गुणस्तर सुधार गरिदै लगिनेछ । यसका लागि नेपाल सरकारबाट प्राप्त हुने अनुदान को अतिरिक्त शिक्षाको गुणस्तर अभिबृद्धि गर्न सामुदायिक विधालयहरुमा पुर्वाधारको विकास नविन प्रविधिको प्रयोग र शैक्षिक मापदण्डमा सुधार गरिनेछ । यसका लागि आवश्यक श्रोत उपलब्द्ध गराइने छ । साथै यस गाउँपलिका भित्र सँचालित वाडा नं. ४ का अधारभूत विधालयका लागि आवश्यक जग्गा खरिद गरि माध्यमीक विधालय सँचालन गरिनेछ ।
- कक्षा १० का विधार्थीका लागि अतिरीक्त कक्षा संचालन गर्न व्यवस्था गरिनेछ । सामुदायिक विधालयबाट एस.ई.ई. परीक्षामा उत्कृष्ट अंक हाशिल गर्ने छात्राहरुलाई छात्रबृति प्रदान गरिनेछ । यसका लागि दुर्गा  भगवती गाउँपालिका छात्रवृति कोष स्थापना गरी आगामी वर्ष देखि लागु हुने गरी आवश्यक रकम विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद**

- बालबालिका तथा युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदहरुमा जोड दिइनेछ । केन्द्र, प्रदेश सरकारको सहकार्यमा सम्भाव्यताको आधारमा रङ्गशाला, खेलमैदान, युवा क्लब तथा विचरण पार्क क्रमिक रुपमा स्थापना गर्न आवश्यक बजेट माँग गर्न प्रस्ताव गरेको छु ।

**स्वास्थ्य**

- स्वास्थ्य सेवा लाई सर्वसुलभ, भरपर्दो र गुणस्तरिय तुल्याइने छ । आधारभुत स्वास्थ्यमा सवै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमाको कार्यक्रम संचालन गर्न केन्द्र सरकार, प्रदेश सरकार समक्ष पहल गरिनेछ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भ अवस्था देखि नै प्रसुति सुरक्षा सेवा पुर्‍याईनेछ । स्थानिय तहबाट संचालन हुने बहु क्षेत्रीय पोषण कार्यक्रम लाई प्रवर्द्धन गरिनेछ ।
- १५ शैया भएको अस्पताल संचालनका लागि केन्द्र तथा प्रदेश सरकार समक्ष पहल गरिनेछ । सवै वडाहरुमा स्वास्थ्य सेवा संचालन अनिवार्य गरिनेछ । स्वास्थ्य उपचारमा सहजताका लागि एमबुलेन्स सेवा संचालन गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु । ध्यान र योगको माध्यमबाट स्वस्थ शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ ।
- महामारी रोग नियन्त्रण र निवारण कार्य लाई प्रभावकारी बनाउन सवै नागरिकहरुको स्वास्थ्य परिक्षण गराउन विषेशज्ञ सहितको टोली परिचालन गर्न व्यवस्था मिलाएको छु ।
- सवै सार्वजनिक स्थलहरुमा  धुम्रपान र मदिरा सेवन निषेध गरिनेछ । मदिरा र सुर्तिजन्य पदार्थको आयात तथा विक्री वितरण लाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

कृषि

- कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाध सुरक्षाको आधारको रुपमा विकास गरिनेछ । उच्च मुल्यका कृषि उपजहरुको वृद्धि गर्ने नितिहरु अवलम्बन गरिनेछ । कृषि उपजहरुको आर्गेनिक उत्पादन गर्ने कार्य लाई प्राथमिकता दिइनेछ । कृषि सिचाईका लागी अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु ।
- कृषि तथा पशु पंक्षी सम्बन्धि प्राविधिक ज्ञान र सिप प्रदान गर्न कृषि सेवा केन्द्रलाई विकसित गरिनेछ । कृषि उत्पादनलाई चाहिने मल विउ उपकरण र अन्य आवश्यक सेवाहरु कृषि सेवा केन्द्र मार्फत उपलब्ध गराउने बजेट छुट्याएको छु ।

वन तथा वातावरण

- स्वच्छ, हराभरा र प्रदुषण मुक्त गाउँपालिका अध्ययन संचालन गरी जैविक विविधता तथा जलवायू परिवर्तन अनुकुलनमा गाउँपालिका, निजी क्षेत्र, सहकारी तथा सामुदायिक र गैर सरकारी क्षेत्र विच सहकार्य गरिनेछ ।
- जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकलनका कार्यक्रम संचालन गरिनेछ । आसपासका सवै क्षेत्रहरुको सफाइमा विशेष ध्यान दिइनेछ ।
- स्थानिय वातावरण अनुकुलका उच्च मुल्यका रुख, वनपैदावारहरुको विस्तार सरकारी, निजी, सहकारी र समुदायको साझेदारी तथा वाँझो, पर्ति, नदि कीनार र खस्केको जमिनमा वृक्षा रोपन गर्न अनुदानको व्यवस्था गरेको छु ।

खानेपानी

- ३ वर्ष भित्र सवै नागरिकलाई खानेपानी पुर्वाधारमा पहुँच सुनिश्चित गर्न आगामी आर्थिक वर्ष नेपाल सरकार द्धारा निर्मित अधुरो योजनाहरु यथाशिघ्र सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । सम्पन्न भई थप रहेका खानेपानी सेवालाई संचालन गर्न रकम विनियोजन गरेको छु ।
- निश्चित समयमा सवैलाई आधारभुत खानेपानी उपलब्ध गराउने गरी स्थानीय तह र सामुदायिक गैर सरकारी संस्थाहरुले उपभोत्ता संग लागत सहभागितामा खानेपानी आयोजनाहरुका लागि सम्पुरक अनुदानको व्यवस्था मिलाएको छु ।
- खानेपानी र सिचाइको आवश्यकता एक साथ परिपुर्ति गर्ने उद्धेश्यले केन्द्र, प्रदेश र स्थानीय तहको सहकार्यमा सौर्य उर्जामा आधारित उच्च प्रविधि युक्त सिचाइ र खानेपानी आयोजनाहरु संचालनमा ल्याइनेछ ।

सरसफाई

- खुला दिशा मुक्त घोषण भइ सकेको यस गाउँपालिकालाई आगामी २ वर्ष भित्र पोष्ट ओ.डि.अफ. को रुपमा घोषण गरिनेछ । यस क्षेत्रमा स्थानीय समुदायको सहकार्यमा सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- बजार क्षेत्र आसपास र सार्वजनिक स्थानहरुमा सुविधा सम्पन्न स्मार्ट शौचालय निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

## सिचाई तथा नदी नियन्त्रण

- जल श्रोत आयोजना संचालनका लागि सम्भाव्यताको आधारमा खानेपानी, सिचाई, विधुत, नदी नियन्त्रण र वातावरण पक्षलाई समेटी वहुआयोजनाको विकास गरिनेछ । केन्द्र, प्रदेश तथा स्थानीय तह सँगको लागत सहभागितामा साना सिचाई, स्यालो ट्युबेल तथा मझौला आयोजनाहरु संचालन गर्न बजेट व्यवस्था गरेको छु ।
- केन्द्र, प्रदेश र स्थानीय सरकारको सहकार्यमा नदी नियन्त्रण कार्यलाई अभियानको रुपमा अगाडि बढाइने छ । स्थानीय तहमा संचालन हुने सिँचाई तथा नदी नियन्त्रणमा समपुरक अनुदानको व्यवस्था गरेको छु ।

## पर्यटन

- पर्यटनबाट रोजगारी तथा आय आर्जन बढाउन मनोरञ्जन, प्राकृतिक, ऐतिहासिक, धार्मिक र साहासिक पर्यटनको पुर्वाधार निर्माण, बजार प्रवर्द्धन र सेवा सुविधाको विकास विस्तार गरिनेछ ।

## महिला, बालबालिका तथा जेष्ट नागरिक

- विपन्न र पिछिडिएको महिला तथा एकल महिला लाई सिप तथा उधमशिलता विकास मार्फत काम र रोजगारीका अवसरमा पहुँच पुऱ्याई स्व–आर्जन मार्फत आत्म निर्भर बनाइनेछ । बालविवाह, दाइजो प्रथा लगायतका सवै कुरिति अन्ध विश्वास र महिला हिंसा विरुद्धमा सचेतना अभिवृद्धि गरिनेछ । जोखिममा परेका गर्भावती तथा सुत्केरी महिलाहरुको आपतकालिन उद्धार गर्न एम्बुलेन्सको व्यवस्था मिलाइने छ ।
- आपाङ्गता भएका व्यक्तिहरुको मनोबल, मर्यादा, सिप र क्षमता बढाउन पुनर्स्थापना का कार्यक्रमहरु संचालन गरिनेछ ।
- लैङ्गिक रुपमा पछाडि परेका विपन्न जेहेन्दार छात्राहरुलाई शिक्षा प्रति झुकाउ बढाउन साइकल वितरणको लागि बजेट विनियोजन गरेको छु ।
- आर्टिज भएका, मानसिक रोगी, टुहुरा बालबालिका, अशाहय , बृद्ध तथा विशेष प्रकृतिका महँगो उपचार हुने प्रकृतिका रोगीहरुका लागि राहत कोष स्थापना गरी कार्यविधिका आधारमा सहयोग प्रदान गरिनेछ ।
- चालु आ.व. २०७५/०७६ देखि समाजिक सुरक्षा वित्तरण बैकिङ प्रणाली मर्फत वितरण गरिने छ ।

## उधोग

- केन्द्र तथा प्रदेशको समन्वय र सार्वजनिक र निजी क्षेत्रको सहभागितामा कम्तिमा एक औधोगिक क्षेत्र, आर्थिक क्षेत्र र एक विशेष आर्थिक क्षेत्र स्थापनाको सम्भाव्यता र पुर्वाधार निर्माणको लागि आवश्यक बजेटका लागि पहल  गरिनेछ ।
- आगामी ३ वर्ष भित्र यस स्थानीय तहमा केन्द्र र प्रदेश सरकार तथा निजी क्षेत्र समेतको सहभागीतामा उधोग ग्राम स्थापना गरिनेछ ।

## आवास भवन र पुर्वाधार

- नागरिकको मौलिक हकमा रहेको सुरक्षित आवस सुनिश्चित गर्न गाउँपालिका अध्यक्ष आवास योजना कार्यक्रम अन्तरगत गरिबीको रेखा मुनी रहेका डोम समुदायका १० घर परिवारहरुलाई सुरक्षित आवस

निर्माण गरी हस्तानान्तरण गर्न रु ३० लाख विनियोजन गरेको छु । र यस लाई आगामी वर्षहरुमा निरन्तरता गरिनेछ ।

- आगामी आ.व. ०७५/७६ मा भवन निर्माण कार्य गर्न अनिवार्य रुपमा नक्सा पास गराई निर्माण गर्नुपर्ने छ र यसलाई कडाई का साथ लागु गरिनेछ ।

## सुशासन

- भ्रस्टाचारजन्य गतिविधिको संरक्षण तथा पक्षपोषण गर्ने संस्कृतिको अन्त्य गर्दै भ्रस्टाचार गर्ने र गराउने दुवै पक्षलाई कानुनको दायरामा ल्याइनेछ ।
- सुचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यासलाई अनुसरण गरी आगामी दिनमा गाउँपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई क्रमश: विधुतिय प्रणालिमा रुपान्तरण गरिनेछ ।
- निर्णय प्रक्रियालाई शिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई नतिजा प्रति उत्तरदायि र जिम्मेवार बनाइनेछ । आर्थिक अनुशासनको कडाईका साथ पालना गरिनेछ ।
- सामाजिक जवाफदेहिताका औजारहरु सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लाई कडाईका साथ व्यवहारमा ल्याइनेछ ।
- लेखा प्रणालीमा विधुतिय प्रणाली अवलम्बन गरिनेछ ।

## कानुन तथा न्याय

- स्थानीय तहमा हुने न्यायिक प्रक्रियालाई संविधानले तोकेको परिधि भित्र रहि नागरिकको मौलिक हकको कार्यान्वयन गर्न आवश्यक पर्ने कानुन तर्जु मा गरिनेछ । सो कार्यका लागि क्षमता विकास का लागि व्यवस्था मिलाएको छु ।
- सवै नागरिकको मानव अधिकार सुनिश्चित गर्न घर घरमा मानव अधिकार कार्यक्रमलाई जनस्तरमा कार्यान्वयनमा ल्याइनेछ ।
- न्यायिक समितीलाई प्रभावकारी बनाउन रणनितिक योजनाको कार्यान्वयन गरिनेछ । शान्ति प्रक्रियाका लागि सामुदायिक मेलमिलाप मार्फत सामुदायिक मुद्धाहरुलाई समय भित्र व्यवस्थापन गरिनेछ । यसलाई सक्षम र सबल बनाउन आवश्यक श्रोत साधनको व्यवस्था मिलाएको छु ।

## कर्मचारी व्यवस्थापन

- कर्मचारीहरुको सरुवा, पुरस्कार, सजाय, वृतिविकास र क्षमता अभिवृद्धिका अवसरलाई कार्य सम्पादनमा आधारीत बनाइनेछ । आगमी आ.व. ०७५/७६ साउन १ गते देखि गाउँकार्यपालिका तथा वडा कार्यालयमा कार्यरत राष्ट्र सेवक कर्मचारीहरुको स्थानीय प्रोत्साहन भत्ता कार्य सम्पादनको आधारमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- कार्यालय समय बाहेक विहान बेलुका गाउँसभाको तयारीमा खट्नु भएका पदाधिकारी तथा कर्मचारीहरुलाई ३० दिनको तलब बराबरको थप सुविधा उपलब्ध गर्न व्यवस्था मिलाएको छु ।
- कार्यालय सँचालनका लागि अति आवश्यक पर्ने जनशक्ती, प्रविधिक जनशक्ति करार/परामर्श सेवाबाट पदपुर्ति गरिनेछ ।

सम्मानीय अध्यक्ष महोदय,

- अब म माथिको क्षेत्रगत निती तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।
- आगामी आर्थिक वर्षका निति तथा कार्यक्रम कार्यान्वयन गर्न रु ३३ करोड २९ लाख ४४ हजार ६१ रुपैया विनियोजन अनुमान गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु ३ करोड ७९ लाख ७० हजार अर्थात ११.४० प्रतिशत, पुँजिगत तर्फ रु १३ करोड ९८ लाख ७९ हजार ६१ रुपैया अर्थात ४२.०१ प्रतिशत र सशर्त वित्तिय व्यवस्था, सामाजिक सुरक्षा तर्फ रु १५ करोड ४१ लाख ९५ हजार अर्थात ४६.३२ प्रतिशत रहेको छ ।
- आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च श्रोत मध्ये आन्तरिक श्रोत बाट ३७ लाख ४५ हजार नेपाल सरकारको वित्तिय समानिकरण अनुदान बाट ८ करोड ४८ लाख, राजश्व बाँडफाँड बाट प्राप्त हुने अनुदान ४ करोड ८९ लाख ५४ हजार ,सर्शत अनुदान सामाजिक सुरक्षा समेत गरी बाट १५ करोड ३९ लाख ४६ हजार ५ सय र आ.व. २०७४/०७५ मा खर्च नभई संचित कोषमा रहने अनुमानित रकम ४ करोड १४ लाख ९८ हजार ५ सय २ रुपैया आय अनुमान गरेको छु ।

दुर्गा भगवति गाँउपालिका
गाँउकार्यपालिकाको कार्यलाय
व्यय अनुमान
आ.व. २०७५/०७६

| शीर्षक | आ.व. २०७४/०७५ असार सम्म यर्थाथ व्यय | आ।व।२०७४र७५ को सन्सोधित अनुमान | आ।व।२०७५र०७६ को अनुमान | ०७५/०७६ को श्रोत अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार अनुदान | आन्तरिक श्रोत | प्रदेश सरकार |
| **चालु खर्च** | **११५०८३९५।८०** | **२७१०००००।००** | **३७९७००००।००** | **३४२२५०००।००** | **३७४५०००** | |
| पदाधिकारीहरुको पारिश्रमिक | ०।०० | १६००००० | ९०००००० | | | |
| कर्मचारी तलब | ४८००८४४।०० | ५०००००० | ७५००००० | | | |
| अन्य भत्ता/कार्मचारी प्रोत्साहन भत्ता र बैठक भत्ता,न्यायीक समिति | २०८२४००।८० | ३५००००० | ३०००००० | | | |
| अध्यक्षको सचिवालय व्यवस्थापन | ०।०० | ० | ३००००० | | | |
| प्रमुख प्रशासकिय अधिकृतको सचिवालय व्यवस्थापन | ०।०० | ० | २००००० | | | |
| महंगी भत्ता | ९८००० | २५०००० | ६००००० | | | |
| पोषाक (कर्मचारी र जनप्रतिनिधि) | १३११७५ | ५००००० | ५००००० | | | |
| पानि तथा बिजुली | १३७००० | २००००० | ५००००० | | | |
| संचार महसुल | ३०००० | ५००००० | ७२०००० | | | |
| घरभाडा | २५१६०० | ७००००० | ६००००० | | | |
| अन्य भाडा | ४६२५०० | १०००००० | ९५०००० | | | |
| इनधन पदाधिकारि तथा कर्मचारी | ३४४७७८।०० | १२००००० | १२००००० | | | |
| मर्मत संभार | ४१०१३८ | ५००००० | १०००००० | | | |
| विमा नविकरण | ०।०० | १००००० | २५०००० | | | |
| कार्यलय संचालन | २९८५४५६।०० | ३५००००० | ३५००००० | | | |
| ईन्धन अन्य प्रयोजन | ० | १५०००० | १५०००० | | | |
| परामर्श तथा अन्य सेवा शुल्क | १३३४८०२।०० | २१००००० | २०००००० | | | |
| कर्मचारी कल्याणकोष | ५००००० | ५००००० | ५००००० | | | |
| कार्यक्रम खर्च | २६२९००० | ३५००००० | ३०००००० | | | |
| अनुगमन मुल्यांकन खर्च | ० | ३००००० | ५००००० | | | |
| सरुवा भ्रमण खर्च | ० | ० | २००००० | | | |
| दैनिक भ्रमण खर्च कर्मचारी पदाधिकारी | ९३५७५० | १५००००० | १३००००० | | | |
| विविध | २३७४९५२।०० | ५००००० | ५००००० | | | २४७३००० |
| **पूँजिगत खर्च** | **८३४००७७७।६०** | **१०५४२१०००।००** | **१३९८७९०६१।००** | १३७४०६०६१।०० | | |
| सवारी साधन | १७८८८०० | २२००००० | ७०००००० | | | |
| वडागत विजुली कार्यक्रम /सोलार जडान | ८१८१४१।०० | १०००००० | ५०००००० | | | |
| फर्निचर | १७८७६६०।०० | २०००००० | २००००० | | | |
| संपुरककोष | १७०००० | ५००००० | ९५००००० | | | |
| मेशिनरी औजार | १५००००० | १५००००० | ५००००० | | | |
| मर्मत संभार कोष सथापना | | ५००००० | १५००००० | | | |
| पूजिगत अनुसन्धान तथा परामर्श | ४९९७४३ | ५००००० | ५००००० | | | |
| **अन्य सर्वजनिक निर्माण** आर्थिक विकास ,सामाजिक विकास,पूवाधार विकास,वातावरण तथा विपद व्यवस्थापन संस्थागत विकास सेवा प्रवाह | ६७३२१४३३।६० | ८७१११००० | ९६८२५००० | | | |
| भैपरी पूजिगत सुधार खर्च तथा भुक्तानी हुन | ९००००००।०० | ९५९५०००।०० | ७३५४०६१।०० | | | |
| पोषण कार्यक्रम | ५१५००० | ५१५००० | ५००००० | | | |
| वेरुजु तथा कर दाखिला | | | ११०००००० | | | ५००००००।०० |
| **सशर्त अनुदान तर्फका खर्च** | **११४५७३४९२।००** | **११०७५५०००।००** | **१५४११५०००।००** | १४९११५०००।०० | | |
| प्रदेश सरकार बाट | | | ५००००००।०० | | | |
| **विषयगत कार्यलय तर्फको** | | | | | | |
| शिक्षा, स्वास्थ्य, कृषि र पशु ,महिला तथा | ६०३८४१५८।०० | ८०४०८००० | ९२३००००० | | | |
| बहुक्षेत्रिय पोषण कार्यक्रम | १२८३९०९ | १२८५००० | १४९५००० | | | |
| समाजिक सुरक्षा भत्ता | ५१४६६४०० | २७८४२००० | ५५०००००० | | | |
| स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | ९५४५७५ | १२२०३००० | ४००००० | | | |
| किशोरी शिक्षा युनिसेफ | ४८४४५० | ० | | | | ७४०३०००।०० |

## दुर्गा भगवती गाउँकार्यपालिका

**वडागत आयोजना(वडा नं.१)** आ.व. ०७५/७६ का लागि पारित वडागत योजना/कार्यक्रमहरुको विवरण

| क्र.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **पुर्वधार विकास** | | | | |
| १ | बाटो ढलान | प्रमोद चौधरीको घर देखी शैलेश मन्दिर हुँदै प्रेमलाल चौधरी र बाबुलाल महतोको घर सम्म | १८००००० | |
| २ | | विरेन्द्र साहको घर देखि पश्चिम जाने सडक फिरिगं साहको घरसम्म | ७००००० | |
| ३ | | दुर्गा महतोको घर देखि संजय चौधरीको घर सम्म | १०००००० | |
| ४ | | महेन्द्र चौधरीको घर देखि उपेन्द्र चौधरीको घर हुँदै विश्नाथ साहको घर सम्म | १०००००० | |
| **जम्मा** | | | ४५,००,०००। | |

**वडागत आयोजना( वडा नं. २)**

| क्र.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **पुर्वाधार विकास** | | | | |
| १ | माटो पुरी ग्रेवल | रामाकान्त झाको घर देखि पुर्व नागेन्द्र पाण्डेको खेत सम्म | २,०००००। | |
| २ | माटो पुरी ग्रेवल | रजन महतोको घर देखि दक्षिण विरेन्द्र पाण्डेको घर सम्म | ८,०००००। | |
| ३ | माटो ग्रेबल | भरोसी महतोको घर देखि नहर हुदै मनिथर पोखरी सम्मकको जाने बाटोमा | १०,०००००। | |
| ४ | नयाँ बाटो निर्माण | जितन साहको खलियान देखि रामलाला पाण्डेको खेत हुदै पश्चिम डबरा नहर सम्म | १०,०००००। | |
| ५ | नाला निर्माण | सुरेन्द्र मण्डलको घर देखि विजय दासको घर हुदै शुनिल सिंहको घर सम्म जाने बाटोमा | ५,०००००। | |
| ६ | कम्पाउण्ड वाल तथा निर्माण कार्य | रामजानकी मंदिर | १०,०००००। | |
| **जम्मा** | | | ४५,००,०००। | |

वडागत आयोजना( वडा नं.३)

| क.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| पुर्वधार विकास | | | | |
| १ | सडक ढलान | अरविन्द झाको घर देखि शिवजी झाको घर सम्म | ७,०००००। | |
| २ | बाटो ढलान | सुरेन्द्र मिश्राको घर देखि संजय झाको घर सम्म | ४,०००००। | |
| ३ | सडक विस्तार,माटो तथा ग्रेबल कार्य | रामजानकी मठ देखि पर्सा टोलको बाँध सम्म | ७,०००००। | |
| ४ | माटो तथा ग्रेबल कार्य | विसहरा प्रा.वि.देखि बागमति बाँध सम्म | १२,०००००। | |
| ५ | सडक विस्तार गरि ढलान | सा.वडा कार्यालय देखि मतसरी पोखरी हुदै बाँध सम्म जाने बाटोमा | १५,०००००। | |
| जम्मा | | | ४५,००,०००। | |

वडागत आयोजना( वडा नं. ४)

| क.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| पुर्वाधार विकास | | | | |
| १ | सडक विस्तार तथा मिस ग्रेवल | ओलार देखि कबरगाह सम्म वडा नं. ४ छतौना | ८००००० | |
| २ | सडक ढलान | सनसरिया खातुनको घर देखि साईरुल मियाको घर सम्म वडा नं.४ छतौना | ५००००० | |
| ३ | सडक ढलान | आत्मा राम रायको घर देखि लगन कापडको खरिहान सम्म वडा नं. ४ पचरुखि | २४००००० | |
| ४ | सडक ढलान | रामअसिस् को घर देखि हरबंश साह को घर सम्म वडा नं. ४ पचरुखि | ३००००० | |
| ५ | सडक ढलान | अषर्फि कापडको खेत देखि उतर जाने बाटो कलभर्ट सम्म वाडा नं. ४ पचरुखी | ५००००० | |
| जम्मा | | | ४५,००,०००। | |

वडागत आयोजना( वडा नं. ५)

| क्र.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **पुर्वाधार विकास** | | | | |
| १ | माटो पुरी ग्रेवल गरि ढलान | महरानी मन्दिर देखि ढोड महराको घर सम्म , बढहर्वा | १५००००० | |
| २ | ग्रेवल गरी ढलान | सुरेन्द्र हजारीको घर देखि उत्तर राम देव हजारीको घर सम्म | ७००००० | |
| ३ | सडक ढलान | नवल किशोर चौधरीको घर देखि उत्तर पश्चिम राम एकवाल हजारीको घर सम्म | १५००००० | |
| ४ | सडक मर्मत तथा ढलान | मिठुलाल चौधरीको घर देखि पश्चिम राधा चौधरीको घर सम्म बाढीले क्षती ग्रस्त ढलानलाई मर्मत गरि र हरि साहको घर देखि पश्चिम रामानन्द दासको घर सम्म | ८००००० | |
| **जम्मा** | | | ४५,००,०००। | |

## आ.व.२०७५/०७६ का लागि पारित कार्यापालिका स्तरिय आयोजना

| क्र.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **आर्थिक विकास क्षेत्र तर्फ** | | | | |
| १ | कृषि प्रसार कार्यक्रम | गाउँपालिका स्तरीय **(कृषि तर्फ)** | २०००००। | |
| २ | वागवानी विकास कार्यक्रम | गाउँपालिका स्तरीय | २०००००। | |
| ३ | माटो परिक्षण सुधार कार्यक्रम | गाउँपालिका स्तरीय | १०००००। | |
| ४ | प्रधानमंत्री कृषि कार्यक्रम | गाउँपालिका स्तरीय | ०० | ससर्त अनुदान प्राप्त भएमा |
| ५ | कृषि पकेट क्षेत्र कार्यक्रम | गाउँपालिका स्तरीय | ३०००००। | |
| ६ | कृषि सिचाई | गाउँपालिका स्तरीय | १५०००००। | |
| ७ | कृषि कार्यालय व्यवस्थापन तथा अनुगमन | गाउँपालिका स्तरीय | ६५०००। | |
| ८ | पशु स्वास्थ्य नियमन कार्यक्रम | गाउँपालिका स्तरीय **(पशु तर्फ)** | ४५०००। | |
| ९ | पशु सेवा प्रसार कार्यक्रम | गाउँपालिका स्तरीय | ५०००००। | |
| १० | पशु आहार कार्यक्रम | गाउँपालिका स्तरीय | २०००००। | |
| ११ | कृषक भ्रमण कार्यक्रम | गाउँपालिका स्तरीय | ३०००००। | |

| | | | | |
|---|---|---|---|---|
| १२ | कृषि सिंचाई कार्यक्रम | गाउँपालिका स्तरीय | ३००००००। | |
| १३ | कार्यालया व्यसथापन तथा अनुगमण | गाउँपालिका स्तरीय | ६५०००। | |
| जम्मा | | | ३४७५०००। | |

| | | | | |
|---|---|---|---|---|
| **सामाजिक विकास क्षेत्र तर्फ** | | | | |
| **शिक्षा तर्फ** | | | | |
| १ | पंखा तथा खानेपानी फिल्टर वितरण | सामुदायिक विधालय सबै | १६०००००। | |
| २ | फर्निचर वितरण | सामुदायिक विधालयहरुमा | १००००००। | |
| ३ | प्रविधिक शिक्षा अनुदान | सरस्वति मा.वि.पिप्रा | २०००००। | |
| ४ | मर्मत तथा मन्दिर निर्माण | शैलेश मर्मत मन्दिर तथा निर्माण वाडा नं.१ | २०००००। | |
| ५ | मन्दिर निमार्ण | बौधी माई मन्दिर निर्माण वाडा नं.१ | २०००००। | |
| ६ | मन्दिर निर्माण | ब्रह्म स्थान मन्दिर निर्माण वाडा नं.१ | २०००००। | |
| ७ | मन्दिर निर्माण | माई स्थान मन्दिर निर्माण वाडा नं.१ | ३०००००। | |
| ८ | मन्दिर निर्माण | भोलेबाबा (भूवनेश्वर स्थान) वाडा नं.१ | १००००००। | |
| ९ | मन्दिर निर्माण | भोलेबाबा (खानेपानी) वाडा नं.१ | ३०००००। | |
| १०. | मन्दिर निर्माण | बागमती पारी हनुमान मन्दिर वाडा नं. ५ | २०००००। | |
| ११ | मन्दिर निर्माण | हथिया टोल हनुमान मन्दिर वाडा नं. ५ | २०००००। | |
| १२ | मन्दिर निर्माण | कृष्ण मन्दिर वाडा नं. ५ | ५०००००। | |
| १३ | मन्दिर निर्माण | रामजानकी मन्दिर वाडा नं. ५ | ५०००००। | |
| १४ | मन्दिर निर्माण | भोले बाबा मन्दिर वाडा नं. २ | ५०००००। | |
| १५ | मन्दिर निर्माण | सरस्वती मन्दिर वाडा नं.२ | ३०००००। | |
| १६ | निर्माण | कब्रस्थान कम्पाउण्ड वाल निर्माण वाडा नं.२ | ३०००००। | |

| | | | | |
|---|---|---|---|---|
| १७ | भवन निर्माण | मस्जीद निर्माण वाडा नं. २ | २०००००। | |
| १८ | रंगरोगन तथा मर्मत संभार | प्रहरी चौकी तथा औषधालय रंगरोगन | १५००००। | |
| १९ | धर्म सांस्कृतिक संरक्षण | स्थानीय कला सांस्कृतिक संरक्षण र सम्वर्धन | ५०००००। | |
| २० | कमप्युटर शिक्षा अनुदान | ईभिलेज सेन्टर मत्सरी | ३०००००। | |
| जम्मा | | | ८६५००००। | |
| **स्वास्थ्य तर्फ** | | | | |
| १ | आपतकालिन स्वास्थ्य सेवा संचालन | प्राथमिक स्वास्थ्य केन्द्र गंगा प्रिप्रा | ७०००००। | |
| २ | औषधी खरीद | गा.पा.स्तरिय | १००००००। | |
| ३ | बर्थिङ्ग सेन्टर संचालन | प्राथमिक स्वास्थ्य केन्द्र गंगा प्रिप्रा | १०००००। | |
| ४ | तालिम तथा प्याड वितरण | किशोरीहरुको लागि | ३०००००। | |
| जम्मा | | | २१०००००। | |
| **लैङ्गिक समानता तथा समाजिक समावेशिकरण** | | | | |
| १ | सामाजिक समाबेशिकरण तथा बहुसरोकार क्षमता विकास कार्यक्रम | गा.पा.स्तरीय | ५०००००। | |
| २ | सामजिक जवाफदेहिता तथा नेतृत्व विकास तालिम | गा.पा. स्तरीय | ५०००००। | |
| ३ | सिपमुलक कार्यक्रम | वडा नं.१ देखि ५ सम्म | १००००००। | |
| ४ | साईकल वितरण | विपन्न जेहेन्दार छात्रालाई | ५०००००। | |
| ५ | एकल विधवाका लागी आयआर्जन कार्यक्रम | गा.पा.स्तरीय | २०००००। | |
| ६ | अपांगका लागी क्षमता विकास कार्यक्रम | गा.पा.स्तरीय | २०००००। | |
| ७. | लोक सेवा तयारी कक्षा संचालन | गा.पा. स्तरीय | ३०००००। | |
| जम्मा | | | ३२०००००। | |

| पुर्वाधार विकास क्षेत्र तर्फ | | | | |
|---|---|---|---|---|
| १ | माटो पुरी ग्रेवल | भोजेन्द्र चौधरीको घर बौधीमाई मन्दिर सम्म सडकमा वडा नं. १ | ६०००००। | |
| २ | सडक ढलान | छठु साहको घर देखि प्रभु चौधरीको घर हुँदै डिस्नरीको कल्भर्ट सम्मा वडा नं १ | २००००००। | |
| ३ | माटो पुरी गेवल | हुलाक देखि इनरजितको हुँदै लक्ष्मी महतोको घर सम्म वडा नं. १ | ९०००००। | |
| ४ | माटो पुरी गेवल | चिरान देखि फेकु बनियाको घर सम्म वडा नं. १ | ६०००००। | |
| ५ | सडक ढलान | बागमति प्रा.वि.देखि ओकन राउतको घर हुदै रामप्रबेशको घरतिर जाने बाटो | २०,०००००। | |
| ६ | सडक ढलान | कृषण झाको घर देखि शेष अहमद मियाको घर हँदै भोजिन्द्र साहको घर सम्म वाडा नं. १ | ८०००००। | |
| ७ | मन्दिर निर्माण | वडा नं.२ भलोहीयामा हनुमान मन्दिर निर्माण | ८०००००। | |
| ८ | भवन निर्माण | सामुदायिक भवन निर्माण नयां बस्ति वडा नं. २(भलुहिया) | १२०००००। | |
| ९ | माटो पुरी ग्रेवल | मुल सडक देखि मनचित महतोको घर सम्म वडा नं.२ | २,०००००। | |
| १० | निर्माण तथा मर्मत कार्य | ब्रह्म बाबा मन्दिरमा वडा नं २ | ५,०००००। | |
| ११ | बाटो ढलान | गणेशी दासको घर देखि पिप्रा बजार जाने बाटो वडा नं.२ | १०,०००००। | |
| १२ | नाला तथा सडक ढलान | मुल सडक देखि सहनी टोल भित्रको बाटोमा वडा नं.२ | ४५,०००००। | |
| १३ | नाला तथा बाटो ढलान | जनता सामुदायिक भवन देखि पुर्व जाने बाटोमा वडा नं.२ | १०,०००००। | |
| १४ | छठ घाट निर्माण | विचली पोखरी परिसरमा वडा नं. २ | २०,०००००। | |
| १५ | सडक ढलान | प्रसाद साहको घर देखि श्याम श्रीवासतवको घर हुदै दहाउर पडितको घर सम्म वडा नं.३ | ८०००००। | |
| १६ | सडक ढलान | हरी महतोको घर देखि बिलासिको घर हुदै शंकरको घर सम्म वडा नं.३ | १००००००। | |
| १७ | माटो पुरी ग्रेवल | मुल सडक देखि दुर्गा मन्दिरको उतर पुर्व सरयुग राउतको घर सम्म वडा नं. ३ | ५०००००। | |
| १८ | सार्वजनिक शौचालय र प्रतिक्षालय निर्माण | मतसरी स्वास्थ्य चौकी अगाडी सार्वजनिक शौचालय र प्रतिक्षालय वडा नं.३ | १५,०००००। | |

| | | | | |
|---|---|---|---|---|
| १९ | सडक ढलान | नहर देखि सुरेन्द्र रायको पसलसम्म वडा नं. ४ पचरुखि | २२,०००००। | |
| २० | सडक ढलान | सुरेन्द्र रायको पसल देखि ईदगाह सम्म वडा नं. ४ पचरुखि | १८,०००००। | |
| २१ | भवन निर्माण | सामुदायिक भवन निर्माण वडा नं. ४ छतैना टोल | २२,०००००। | |
| २२ | सडक विस्तार तथा मिस ग्रेवल | तेज नारायण कापडको जिरात हुँदै महिन्द्र कापडको खेत देखि उत्तर जाने बाटो नन्दलालको खरिहान हुँदै लुका माई सम्म वडा नं. ४ छतौना | ७,०००००। | |
| २३ | नयाँ बाटो निर्माण | ईदगाह देखि पश्चिम वाडा नं. ४ | ५०००००। | |
| २४ | बाटो विस्तार तथा ढलान | रामसखी देवीको घर देखि भोला महतोको घर सम्म वाडा नं. ४ पचरुखी | ५०००००। | |
| २५ | अधुरो भवन पुरा गर्न | वाडा कार्यालयको अधुरा पुरा गर्न वाडा नं. ४ पचरुखी | १५०००००। | |
| २६ | नयाँ सडक निर्माण | ब्रह्म स्थानसम्म जाने बाटो वाडा नं. ४ पचरुखी | ३०००००। | |
| २७ | माटो पुरी ग्रेवल | शुबंश महतोको घर हुँदै उत्तर जाने मुर्गी फारम सम्म वाडा नं. ४ | ५०००००। | |
| २८ | सडक ढलान | साविक वाडा नं.८ मा पर्ने जयकिशोर रायको घर देखि हिरिनरायण महतोको घर सम्म वाडा नं. ४ | ८०००००। | |
| २९ | माटो पुरी ग्रेवल | पासवान टोलको धर्मशाला देखि उत्तर सम्म वाडा नं. ५ | ५०००००। | |
| ३० | सडक ढलान | अर्जुन पण्डितको घर देखि पश्चिम राधिका बैठाको घर सम्म वाडा नं. ५ | ७०००००। | |
| ३१ | माटो ग्रेवल | राम अवतार दासको घर देखि पश्चिम दलित धर्मशाला हुँदै विन्देश्वर हजारीको घर सम्म वाडा नं. ५ | ८०००००। | |
| ३२ | माटो ग्रेवल | हिरा चोक देखि उत्तर राम चन्द्र दासको घर सम्म वाडा नं. ५ | ५०००००। | |
| ३३ | माटो पुरी ग्रेवल | राजिन्नद बैठाको घर देखि रामचन्द्र बैठाको घर सम्म वाडा नं. ५ | ३०००००। | |
| ३४ | सडक ढलान | इनर देव साहको घर देखि दक्षिण किशोरी चौधरीको घर सम्म वडा नं. ५ | ५०००००। | |
| ३५ | रोड मर्मत र ग्रेवल | खाने पानी निर वाडा नं. ५ | ५०००००। | |
| ३६ | भवन मर्मत तथा निर्माण | पशु सेवा केन्द्रको भवन | ३०००००। | |
| ३७ | सडक ढलान | राम अवतार ठाकुरको घर देखि दक्षिण पश्चिम सिव गोविन्द राउतको घर हुँदै उत्तर धर्खन सहनीको घर सम्म वडा नं.५ | १००००००। | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | गाउँपालिका अध्यक्ष आवास योजना हस्तनान्तरण | अति विपन्न लाई आवास हस्तनान्तरण गर्ने डोम समुदायलाई. | ३०,०००००। | |
| ३९ | गाउँपालिका अध्यक्ष आवास योजना अन्तरगत जग्गा खरिद | नदी कटानबाट विस्थापित परिवारलाई जग्गा वितरण वडा नं.५ | ४०,०००००। | |
| **जम्मा** | | | **४५००००००।** | |

| | | | | |
|---|---|---|---|---|
| **वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ** | | | | |
| १ | वृक्षा रोपन कार्यक्रम | गा.पा.स्तरीय | ५०००००। | |
| २ | विपद व्यवस्थापन कोष | गा.पा.स्तरीय | २००००००। | |
| ३ | नदी कटान नियन्त्रन तथा बाध निर्माण मर्मत तथा प्रकोप नियन्त्रण | गा.पा.स्तरीय | १००००००। | |
| ४ | ढल व्यवस्थापन तथा नाला सरसफाई | गा.पा.स्तरीय | १००००००। | |
| **जम्मा** | | | **४५०००००।** | |

| | | | | |
|---|---|---|---|---|
| **सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ** | | | | |
| १ | सार्वजनि सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण, बेरुजु फर्छ्यौट | गा.पा. स्तरिय | ८०००००। | |
| २ | सुचना प्रणाली व्यवस्थापन | गाउँकार्यपालिका स्तरिय | २०००००। | |
| ३ | फ्रि वाई फाई | गा.पा.स्तरिय | ३०००००। | |
| ४ | सुचना, गा.पा.गतिविधि प्रसारण, प्रगति प्रतिवेदन, प्रकाशन, | गा.पा.स्तरिय | ३०००००। | |
| ५ | अध्ययन अवलोकन | कर्मचारी तथा जनप्रतिनिधिहरुलाई | ७०००००। | |
| ६ | गाउँसभा सँचालन | | ४०००००। | |
| ७ | कार्यविधि ऐन कानुन निर्माण तथा विधेयक समिति | गाउँकार्यपालिकाको कार्यालय | १००००००। | |
| **जम्मा** | | | **३७०००००।** | |

दुर्गा भगवति गाउँसभाको बैठकमा २०७५ जेष्ठ १८ गते  का दिन बजेट तर्जुमा का संयोजक मञ्जु देवीले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष ०७५/७६ को बजेट बक्तव्य

दुर्गा भगवति गाउँपालिका

गाउँकार्यपालिका,  गंगापिप्रा रौतहट

२०७५

गाउँसाभाबाट पारित मिति २०७५/०४/२७

प्रमाणिकरण मिति २०७५/०४/२७